जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः १०८ पृष्ठः ४ २०८३ भदौ ०२ मंगलबार (Tuesday 18 Aug. 2026) मूल्य रु. ५।- इमेल : mgnd2070@gmail.com

## मुख्यमन्त्री आचार्यको विश्वासको मतमा जसपा नेपाल विभाजित




बुटवल, १ भदौ। लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यलाई विश्वासको मत दिने विषयमा जनता समाजवादी पार्टी नेपालका सांसदहरु विभाजित भएका छन्। मुख्यमन्त्री आचार्यले विश्वासको मत लिंदै छन्। पार्टी केन्द्रले सोमबार प्रदेश संसदीय दलका नेता सन्तोष पाण्डेयलाई पत्राचार गर्दै सरकारलाई दिएको समर्थन फिर्ता लिएर विपक्षमा मतदान गर्न निर्देशन दिएको थियो।

तर, जसपा लुम्बिनी प्रदेश संसदीय दलका नेता सन्तोषकुमार पाण्डेयले मुख्यमन्त्री आचार्यलाई विश्वासको मत दिने बताएका छन्। जसपा नेपालकी सांसद अम्बिका काफ्लेले भने आफूले केन्द्रको निर्देशन मानेर मुख्यमन्त्रीलाई विश्वासको मत नदिने बताइन्। लुम्बिनी प्रदेशसभामा जसपाका पाण्डे, भण्डारीलाल अहिर, आदेशकुमार अग्रवाल, हेमा बेल्बासे र अम्बिका काफ्ले सदस्य छन्। काफ्लेका अनुसार आफू बाहेक अरु ४ सांसदले मुख्यमन्त्री आचार्यलाई विश्वासको मत दिने संसदीय दलको बैठकबाट निर्णय गराएको सुनेको तर आफू बैठकमा नगएको बताइन्।

मुख्यमन्त्री आचार्यका प्रेस संयोजक दशरथ घिमिरेले भने नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी नेपाल, राष्ट्रिय जनमोर्चा र जनता समाजवादी पार्टी नेपालले मुख्यमन्त्री आचार्यलाई विश्वासको मत दिने जानकारी गराएको बताएका छन्।

‘सरकारलाई समर्थन गर्ने दलका सांसदहरूले मुख्यमन्त्री आचार्यलाई विश्वासको मत दिने स्पष्ट धारणा राखेसँगै सरकारको पक्षमा बहुमत जुटेको छ,’ मुख्यमन्त्री आचार्यका प्रेस संयोजक घिमिरेले भने।

बैठकमा नेपाली कम्युनिस्ट पार्टी संसदीय दलका नेता जोखबहादुर महरा, जनता समाजवादी पार्टी नेपालकी हेमा बेल्वासे र राष्ट्रिय जनमोर्चाका तारा थापाले मुख्यमन्त्री आचार्यको पक्षमा मतदान गर्ने जानकारी गराएको मुख्यमन्त्री आचार्यको सचिवालयले जनाएको छ। विश्वासको मत लिनुअघि सरकारको पक्षमा रहेका दलहरूका सांसदहरू एमाले प्रदेश कार्यालयमा भेला भएका थिए। त्यसपछि उनीहरू सामूहिक रूपमा प्रदेश सभा बैठकमा सहभागी भएका थिए।

**कांग्रेस र जनमत विपक्षमा,**
**–बाँकी तीन पेजमा**

## गरिब विपन्न परिवारलाई निःशुल्क ग्यास चुल्हो




**विनय कर्ण**

सप्तरी, १ भदौ। सप्तरीको विष्णुपुर गाउँपालिकाले गरिब, विपन्न तथा असहाय परिवारको दैनिकी सहज बनाउने उद्देश्यले निःशुल्क ग्यास चुल्हो वितरण गरेको छ। गाउँपालिकाले वडा १ का दुईसय ८८ गरिब तथा विपन्न परिवारलाई एक कार्यक्रमबिच सोमबार निःशुल्क ग्यास चुल्हो वितरण गरेको हो। गाउँपालिका अध्यक्ष उमेशप्रसाद यादवले लाभग्राही परिवारलाई चुल्हो हस्तान्तरण गर्नुभयो।

आर्थिक अवस्था कमजोर भएका परिवारका लागि खाना पकाउने ग्यास चुल्हो खरिद गर्नु पनि अतिरिक्त आर्थिक भार बन्नेगरेको अवस्थामा गाउँपालिकाको सहयोगले उहाँहरुलाई राहत पुगेको अध्यक्ष यादवले बताउनुभयो। परम्परागत रुपमा दाउरा तथा अन्य इन्धन प्रयोग

**–बाँकी तीन पेजमा**

## भारतीय सेनाध्यक्षलाई राष्ट्रपतिद्वारा मानार्थ प्रधानसेनापतिको दर्ज्यानी प्रदान

काठमाडौं, १ भदौ। भारतीय सेनाका प्रमुख धिरज सेठले मानर्थ प्रधानसेनापतिको दर्ज्यानी ग्रहण गरेका छन्। राष्ट्रपति कार्यालय शीतल निवासमा आयोजित एक बिशेष समारोहका बिच राष्ट्रपति पौडेलले भारतीय सेना प्रमुख सेठलाई नेपाली सेनाको मानार्थ महारथीको दर्ज्यानी चिह्न प्रदान गरेका हुन्।

नेपाल र भारतबिच एक अर्का देशका प्रधानसेनापतिलाई मानर्थ सेनापतिको दर्ज्यानी चिन्ह प्रदान गर्ने परम्परा रहि आएको छ। सो अवसरमा प्रधानमन्त्री बालेन्द्र शाहलगायत उच्च पदस्थ सैन्य



अधिकारीहरूको पनि उपस्थिति रहेको थियो।

नेपालको चारदिने भ्रमणको सिलसिलामा आइतबार काठमाडौं आएका भारतीय सेना प्रमुख नेपाली

**–बाँकी तीन पेजमा**




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

## सूचनाको हक: नागरिकको मौलिक अधिकार

- सार्वजनिक सरोकारका सूचना प्राप्त गर्नु नागरिकको अधिकार हो,
- सार्वजनिक सरोकारका सूचना उपलब्ध गराउनु राज्यको दायित्व हो,
- सही, तथ्यपरक र आधिकारिक सूचना आदान–प्रदान गरौं,
- सार्वजनिक निकायमा कानुनबमोजिम सूचना अधिकारी तोक्ने गरौं,
- डिजिटल प्रविधिको प्रयोग गरी सूचनामा नागरिकको पहुँच विस्तार गरौं,
- प्रत्येक नागरिकलाई आ नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुन्छ, तर कानुन बमोजिम गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पार्न मिल्दैन।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## भेनम अभावमा सर्पदंशका बिरामीको ज्यान जोखिममा

सर्पदंश मधेश प्रदेश, विशेषगरी तराईका जिल्लामा वर्षायामसँगै बढ्ने गम्भीर स्वास्थ्य समस्या हो। विषालु सर्पले डसेका बिरामीको जीवन बचाउन समयमै उपचारसँगै एन्टी स्नेक भेनम (एएसभी) अनिवार्य हुन्छ। तर सिराहाका प्रमुख सरकारी तथा सामुदायिक सर्पदंश उपचार केन्द्रमै यही जीवनरक्षक औषधिको अभाव देखिनु सामान्य कमजोरी होइन, राज्यको स्वास्थ्य व्यवस्थापनप्रतिको गम्भीर प्रश्न हो। सुखीपुर नगरपालिका–२ का १६ वर्षीय ललतुनकुमार यादवलाई घरमै विषालु सर्पले डसेपछि कर्जन्हास्थित फूलकुमारी महतो मेमोरियल अस्पताल पुऱ्याइयो। भेन्टिलेटरमा राखेर उपचार गर्नुपर्ने अवस्था थियो। तर अस्पतालमै भेनम नभएपछि लहानस्थित प्रादेशिक अस्पतालबाट १५ भायल मगाएर उपचार गर्नुपऱ्यो। सौभाग्यवश यादव उपचारपछि घर फर्किए। तर सबै बिरामीको भाग्य यति अनुकूल हुन्छ भन्ने छैन।

केही दिनअघि त्यही अस्पतालमा उपचारका लागि पुगेका दुई सर्पदंशका बिरामीका लागि पनि चोहर्वाबाट २० भायल भेनम मगाउनुपऱ्यो। यसले एउटा अस्पतालमा मात्र समस्या नभई जिल्लाभरको आपूर्ति प्रणाली नै संकटमा रहेको देखाउँछ। लहान, सिराहा सदरमुकाम, चोहर्वा र बन्दीपुरका सर्पदंश उपचार केन्द्रमा भेनमको स्टक न्यून हुनु वर्षायाममा झनै चिन्ताजनक विषय हो।

सर्पदंशका बिरामीलाई कतिपय अवस्थामा १० देखि २०–२५ भायलसम्म भेनम आवश्यक पर्न सक्छ। लहान प्रादेशिक अस्पतालमा मात्रै दैनिक औसत चारजना सर्पदंशका बिरामी आउने गरेको तथ्यले आवश्यकताको गम्भीरता स्पष्ट गर्छ। यस्तो अवस्थामा केही दर्जन भायललाई पर्याप्त मानेर बस्नु जोखिमपूर्ण हुन्छ। अस्पतालमा बिरामी आइपुगेपछि औषधि खोज्न अर्को अस्पतालमा फोन गर्नुपर्ने अवस्था स्वास्थ्य प्रणालीको तयारी होइन, संकट व्यवस्थापनको असफल अभ्यास हो।

अझ गम्भीर कुरा, सिराहा प्रादेशिक अस्पतालमा करिब तीन महिनादेखि भेनमको अभाव रहेको बताइएको छ। उक्त अस्पतालले आफ्नै सीमित स्टकबाट लहान, चोहर्वा, कलैया र बर्दिबासजस्ता केन्द्रलाई ५८० भायल उपलब्ध गराइसकेको छ। अरूलाई सहयोग गरेर आफ्नै अस्पतालमा करिब ४० भायल मात्र बाँकी रहनु आपत्कालीन स्वास्थ्य व्यवस्थापनको अर्को कमजोर पक्ष हो। एउटा केन्द्रले अर्को केन्द्रलाई औषधि बाँडेर तत्काल समस्या टार्नु सकारात्मक मानिए पनि यसलाई दीर्घकालीन समाधान ठान्नु हुँदैन। चोहर्वा र बन्दीपुरका केन्द्रमा दैनिक औसत पाँच–पाँचजना सर्पदंशका बिरामी पुग्ने गरेको तथ्य झनै गम्भीर छ। विषालु सर्पले डसेर गम्भीर अवस्थामा पुगेका बिरामीलाई भेनम नभएकै कारण उपचार गर्न नसकिने अवस्था आयो भने त्यसको मूल्य बिरामीले जीवन गुमाएर चुकाउनुपर्नेछ। औषधि अभावका कारण मृत्यु हुनु प्राकृतिक विपत्ति होइन, व्यवस्थापकीय कमजोरीबाट सिर्जित त्रासदी हुनेछ।

प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रको स्टोरमा अहिले २० भायल मात्र भेनम रहेको र १० लाख रुपैयाँको भेनम खरिद प्रक्रिया अघि बढाइएको बताइएको छ। तर खरिद प्रक्रिया पूरा हुन कम्तीमा एक साता लाग्ने हो भने अहिलेको जोखिम कसरी टार्ने भन्ने प्रश्नको जवाफ पनि तत्काल खोजिनुपर्छ। सर्पले डसेपछि बिरामीलाई एक सातासम्म पर्खिन सम्भव हुँदैन। उपचारमा केही घन्टाको ढिलाइले नै जीवन र मृत्युबीचको दूरी निर्धारण गर्न सक्छ।

स्वास्थ्य मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह र आपूर्ति व्यवस्थापन निकायबीच समन्वयको अभाव यहाँ स्पष्ट देखिन्छ। कुन जिल्लामा कति बिरामी आउँछन्, वर्षायाममा माग कति बढ्छ र न्यूनतम कति भेनम सुरक्षित भण्डारणमा राख्नुपर्छ भन्ने आधारमा पूर्वतयारी हुनुपर्थ्यो। आपत्कालीन औषधिका लागि नियमित खरिद प्रक्रियामै मात्र निर्भर रहनु पर्याप्त हुँदैन। सरकारले सर्पदंशलाई मौसमी समस्या भनेर बेवास्ता गर्ने होइन, जीवनरक्षक औषधिको रणनीतिक भण्डारण र तत्काल आपूर्तिको व्यवस्था गर्नुपर्छ। हरेक उपचार केन्द्रमा न्यूनतम सुरक्षित मौज्दात तोकिनुपर्छ। एउटा केन्द्रमा अभाव हुँदा अर्को केन्द्रबाट मागेर उपचार चलाउने प्रणालीलाई स्थायी समाधान बनाउनु हुँदैन। प्रदेशस्तरमै आकस्मिक भेनम वितरण संयन्त्र स्थापना गर्न ढिला गर्नु हुँदैन।

सर्पदंशको उपचारमा अस्पताल भवन, उपकरण र जनशक्ति जति आवश्यक छन्, त्यति नै आवश्यक छ, समयमै उपलब्ध हुने भेनम। बिरामी अस्पताल पुगेपछि औषधि खोज्नुपर्ने होइन, औषधि बिरामीको प्रतीक्षामा हुनुपर्छ। सर्पदंशले ज्यान लिनु प्राकृतिक जोखिम हुन सक्छ, तर भेनम अभावका कारण ज्यान जानु भने राज्यको लापरबाही बन्न सक्छ। अब यस्तो अवस्था दोहोरिन नदिन सरकार गम्भीर र तत्काल कदम चाल्नैपर्छ।

# मधेस प्रदेशमा एक वर्षमै ४ पटक सत्ता परिवर्तन, ३० करोड खर्चिएर ६ वटा मात्रै विधेयक




जनकपुरधाम, १ भदौ। मधेस प्रदेशसभाले पछिल्लो एक वर्षमा ३० करोड रुपैयाँभन्दा बढी खर्च गरेर जम्मा ६ वटा कानुन बनाउन सफल भएको छ। त्यसमध्ये ३ वटा बजेटसँग सम्बन्धित छन् भने बाँकी ३ वटा अन्य रहेका छन्। गएको वर्ष अधिकांश समय प्रदेशसभामा सत्ता परिवर्तनको खेल बढी भएका कारण अपेक्षाकृत काम हुन नसकेको प्रदेशसभा सदस्यहरूको बुझाइ छ।

मधेस प्रदेशसभा सचिवालयका अनुसार गत वर्ष पारित भएका अन्य विधेयकहरूमा 'प्रदेश विकास खेलकुद विधेयक', 'बालिका संरक्षण विधेयक' र 'प्रदेश बाल अधिकार ऐन पहिलो संशोधन विधेयक' रहेका छन्। प्रदेशसभाबाट पारित भएका यी तीनवटै ऐनहरू ०८२ साउनमै प्रदेश प्रमुखबाट प्रमाणीकरण भई लागू भइसकेका छन्। बजेटसँग सम्बन्धित अन्य ३ वटा विधेयक यही असार मसान्तमा पारित भएका थिए।

प्रदेशसभाले दोस्रो कार्यकालको ४ वर्ष बितिसक्दा अहिलेसम्म जम्मा १७ वटा विधेयक र एउटा नियमावली मात्रै पारित गरेको छ। प्रदेशसभा सचिवालयका उपसचिव एवं सूचना अधिकारी सुरेन्द्र महतोले अहिलेको अधिवेशन चालु अवस्थामा रहेको बताउँदै गत आर्थिक वर्षमा हिउँदे र बजेट अधिवेशन गरी कुल ३७ वटा बैठक बसेको जानकारी दिए। उनका अनुसार गत वर्षको साउनमा ३ वटा विधेयक पारित भएको र त्यसको १०/११ महिनापछि असार मसान्तमा बजेटसँग सम्बन्धित ३ वटा विधेयक पारित भएका हुन्।

प्रदेशसभा सचिवालयका अनुसार गत वर्ष दर्ता भएका 'प्रदेश नीति आयोग गठन तथा कार्यसञ्चालन ऐन २०७५' लाई संशोधन गर्न बनेको विधेयक र 'गाउँसभा, नगरसभा, जिल्लासभाको कार्यसञ्चालन कार्यविधि ऐन २०७७' लाई संशोधन गर्न बनेको विधेयक विभिन्न समितिमा छलफल भएपछि फिर्ता भएका थिए।

त्यस्तै, प्रदेशसभामा दर्ता भई छलफलको क्रममा 'प्रदेश बीउबिजन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८१', 'प्रादेशिक व्यापार तथा व्यवसाय प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' र 'मधेस अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' रहेका छन्। उपसचिव महतोले चालु बजेट अधिवेशन अन्त्य नभइसकेकाले दर्ता भएका विधेयकहरूमाथि थप छलफल हुन सक्ने बताए।

महतोका अनुसार 'प्रदेश जीवनाशक विषादी व्यवस्थापन सम्बन्धमा बनेको विधेयक' र 'मधेस प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' प्रदेशसभामा दर्ता भइसके पनि टेबल हुन बाँकी नै छन्। पहिलो कार्यकालको तुलनामा यो कार्यकालमा मधेस प्रदेशसभाले निकै कम कानुन बनाउन सकेको छ। पहिलो कार्यकालमा ६६ वटा कानुन बनेका थिए तर दोस्रो कार्यकालको ४ वर्ष बितिसक्दा जम्मा १७ वटा विधेयक र १ वटा नियमावली मात्र पारित हुन सकेको छ।

राजनीतिक खिचातानी र सत्ता परिवर्तनको खेल धेरै हुँदा गत वर्ष प्रदेशसभाले सोचेजस्तो काम गर्न नसकेको प्रदेशसभाकी उपसभामुख बबिताकुमारी राउत ईशरले बताइन्। उनले भनिन्, 'सत्ताको परिवर्तन र फेरबदलले गर्दा राम्रोसँग काम गर्न सकेनौँ। यो नभइदिएको भए प्रदेशसभाले राम्रो काम गर्न सक्थ्यो। अर्को समस्या निम्तिनुको कारण जेनजी आन्दोलनको प्रभाव पनि रह्यो।'

प्रदेशसभा सचिवालयका अनुसार गत आर्थिक वर्षमा ३० करोड ३१ लाख ६३ हजार ६८६ रुपैयाँ खर्च भएको छ। प्रदेशसभाका लागि छुट्याइएको कुल ४६ करोड २३ लाख ८४ हजार बजेटको करिब ६५ प्रतिशत खर्च भएको हो। सुशीला कार्की नेतृत्वको सरकार गठनपश्चात् रोकिएको स्वकीय सचिवहरूको तलब पनि यो वर्ष एकमुष्ट वितरण भएको छ भने जेनजी आन्दोलनको क्रममा भएको भौतिक क्षतिको पुनर्निर्माणको काम प्रदेशसभाको बजेटबाट नभई भौतिक पूर्वाधार मन्त्रालयबाट भएको सूचना अधिकारी महतोले बताए।

जनमत पार्टीका प्रदेश सदस्य चन्दन सिंहले सरकारले प्रदेशसभालाई 'बिजनेस' दिन नसक्दा यो वर्ष कानुन निर्माणको काम कम भएको बताए। उनले भने, 'सरकार आफैँ कानुन निर्माण गर्न चाहँदैन भने कसरी विधेयक र कानुनहरू निर्माण हुन्छन् ? सरकार मात्रै टिकाउने दाउमा लागेको यस सरकारलाई जनताको अपेक्षा र चाहनासँग केही मतलब नै छैन।' उनले कृष्णप्रसाद यादव नेतृत्वको सरकार संघीयता सबलीकरण गर्नुभन्दा पनि आफ्नो कुर्सी बचाउन मात्र लागेकै कारण मधेशी जनतामा निराशा छाएको आरोप लगाए।

### एक वर्षमै ४ पटक सत्ता परिवर्तन

एक वर्षको अन्तरालमा मधेस प्रदेशमा ४ पटक सत्ता परिवर्तनको खेल भएको छ। गत भदौ २३ र २४ को आन्दोलनपश्चात् जनमत पार्टीका मुख्यमन्त्री सतीश सिंहलाई पार्टीले फिर्ता बोलाएपछि प्रदेशमा अस्थिरता निम्तिँदै गयो। उनलाई पार्टीले फिर्ता बोलाएपछि असोज १० गते राजीनामा दिन बाध्य भए। त्यसपश्चात् लोकतान्त्रिक समाजवादी पार्टी ( लोसपा) का जितेन्द्रप्रसाद सोनलले अन्य पार्टीको समर्थन रहेको भन्दै असोज ११ गते प्रदेश प्रमुखबाट मुख्यमन्त्रीको शपथ लिए। तर संवैधानिक व्यवस्थाअनुरूप उनले विश्वासको मत प्राप्त गर्न नसक्दा १ महिने कार्यकाल पनि चलाउन नपाउँदै राजीनामा दिन बाध्य भए।

त्यसपछि कात्तिक ११ गते एमालेका सरोजकुमार यादव मुख्यमन्त्री बने। उनलाई काठमाडौँ जाने क्रममा बर्दिबासको एक होटलमा शपथ गराएर मुख्यमन्त्री बनाएको भन्दै प्रदेश प्रमुख सुमित्रा कार्की र सभामुख रामचन्द्र मण्डलको सर्वत्र आलोचना भएको थियो। संविधानको धारा १६८ को उपधारा ३ बमोजिम सरकार बनाएको घोषणा गरे पनि अन्य दलको समर्थन जुटाउन नसक्दा असोज १७ गते यादव पनि राजीनामा गर्न बाध्य भए।

त्यसपछि असोज १९ गते विभिन्न सात दलीय गठबन्धनबाट कांग्रेस नेता कृष्णप्रसाद यादवको नेतृत्वमा बनेको सरकारले अहिले पनि निरन्तरता पाइरहेको छ। तर, वैशाखमा यो गठबन्धनबाट अन्य दल बाहिरिएपछि अहिले कांग्रेस, एमाले र नेकपाको गठबन्धनमा यो सरकार कायम छ। गत महिना केन्द्रमा बनेको नयाँ समीकरणलाई तोड्दै कांग्रेस पछाडि हटेपछि यादव नेतृत्वको सरकारको भविष्य पनि अन्योलमा परेको थियो।

तर, केन्द्रले पनि प्रदेशमै मिलाएर अघि बढ्न भनेपछि यो सरकारको सङ्कट टरेको छ। सत्ताधारी दलबाट अहिले प्रतिपक्षमा पुगेका जसपाका प्रदेशसभा सदस्य उपेन्द्र यादव प्रदेशको सत्ता पनि केन्द्रीकृत भूमिकाबाट सञ्चालित हुँदा झनै अन्योल थपिएको बताउँछन्। उनले भने, 'यो वर्ष प्रदेशसभाबाट हुनुपर्ने काम नहुनुको मुख्य कारण नै यही सत्ता भागबन्डा र हेरफेर हो। यो परम्परालाई तोड्न अब जनता पनि सचेत हुनुपर्छ।'

### महाभियोगबाट हटाइए सभामुख मण्डल

नेपालको इतिहासमा पहिलो पटक प्रदेशसभाका सभामुखलाई दुई तिहाइको प्रस्तावमार्फत महाभियोग लगाएर हटाएको घटना पनि मधेस प्रदेशमै भयो। गत मङ्सिर ३ गते कुल १०७ सदस्य रहेको प्रदेशसभाको बैठकले सभामुख रामचन्द्र मण्डललाई पदमुक्त गरेको थियो। दुई तिहाइका लागि ७२ मत चाहिनेमा प्रस्तावको पक्षमा ७६ मत परेपछि उनी पदमुक्त भएका थिए।

मण्डलमाथि प्रदेशसभामा स्पष्ट बहुमत हुँदाहुँदै बर्दिबासको एक होटलमा एमाले नेता सरोजकुमार यादवलाई मुख्यमन्त्री बनाउन चलखेल गरेको, विपक्षी दलका नेताहरूलाई जबर्जस्ती कारबाही प्रक्रिया अगाडि बढाएको, सांसदहरूको किर्ते अनुपस्थिति र निष्कासनको हर्कत गरेको र एमालेको सरकार टिकाउन संविधानविरोधी काम गरेको लगायतका आरोप लगाइएको थियो।

### संघीयताले केही गरेन भन्नु राजनीतिक प्रोपोगान्डा : विश्लेषक जनकपुरी

मुलुकमा संघीयताको बीउ रोप्ने जस मधेसलाई नै जान्छ। संघीयताकै लागि मधेसमा भएको विद्रोहमा सयौँले आफ्नो आहुति दिए, जसको परिणाम स्वरूप अहिले संविधानको प्रस्तावनामै 'संघीय लोकतान्त्रिक नेपाल' भनेर उल्लेख भएको छ। तर, त्यही संघीयतालाई थप बलियो बनाउन मधेसले सिकाउनुपर्नेमा यहाँका दलहरू आफ्नै रोटी सेक्न लागिपरेका छन्।

आफ्नो स्वार्थ परिपूर्ति गर्न वर्ष दिनमै सत्ता परिवर्तन र फेरबदलमा नेताहरू लाग्ने गरेका छन्। प्रदेशसभाले थप आर्थिक भार बढायो र यसलाई मुलुकले थेग्न सक्दैन भन्ने बहस चलिरहेकै बेला केन्द्रको सत्तासीन दलले प्रदेशसभा खारेजीको प्रस्तावसमेत ल्याउन खोजिरहेको छ। गठबन्धनको सरकार भएकाले पनि सबैभन्दा पहिला आफ्नो कुर्सी कसरी बचाउने र अर्काको कुर्सी तानेर आफू कसरी त्यहाँ पुग्ने भन्नेमा मात्रै राजनीति सीमित हुँदा अहिले यो अवस्था आइपरेको राजनीतिक विश्लेषक एवं बुद्धिजीवी रोशन जनकपुरीको विश्लेषण छ।

'राजनीतिक दलहरू जनताप्रति प्रतिबद्ध नहुनु र आर्थिक लोभले ग्रस्त हुनु अहिलेको मुख्य समस्या हो,' उनले भने, 'संघीयतालाई मधेस प्रदेशले आफ्नो स्वामित्व हो भनी दाबी गर्नु र त्यसलाई दीर्घकालीन बनाउनुको साटो आफ्नो स्वार्थसिद्ध गर्नतर्फ लाग्दा अहिले बाटो बिराएको अवस्था छ।' संघीयताले अहिलेसम्म केही गरेन भन्ने भाष्य संघीयता विरोधीहरूको प्रोपोगान्डा रहेको

–बाँकी तीन पेजमा

## मधेस प्रदेशमा ...

आँल्याउँदै उनले २० वर्षअघि र अहिलेको तथ्याङ्क हेर्ने हो भने सबै क्षेत्रमा आमूल परिवर्तन आएको बताए। यद्यपि जति हुनुपर्ने थियो, त्यति भने हुन नसकेको उनको भनाइ छ ।

‘अहिलेको व्यवस्थाले जनतालाई आफ्नो राज्य आफैँ सञ्चालन गर्ने अधिकार दिएको छ, त्यो व्यवस्था कसरी खराब हुन सक्छ ?’ उनले भने, ‘यो कुरा जनतामाझ प्रचारात्मक शैलीमा लिएर जानुपर्ने समकालीन दायित्व प्रदेश सरकार र दलहरूको भए पनि त्यता तर्फ ध्यान नदिएकोमा मेरो गुनासो छ।’

## मुख्यमन्त्री आचार्यको ...

**राप्रपा तटस्थ**

प्रमुख प्रतिपक्षी नेपाली कांग्रेस र जनमत पार्टीले भने मुख्यमन्त्री आचार्यलाई विश्वासको मत नदिने भएका छन् । प्रदेश सभा बैठकमा नेपाली कांग्रेस संसदीय दलका नेता डिल्लीबहादुर चौधरीले कांग्रेसले मुख्यमन्त्री आचार्यको विपक्षमा मतदान गर्ने जानकारी गराए। त्यस्तै जनमत पार्टीले पनि मुख्यमन्त्री आचार्यले प्रस्तुत गरेको विश्वासको मतको प्रस्तावको विपक्षमा मतदान गर्ने भएको छ। जनमत पार्टीका दल नेता चन्द्रकेश गुप्ताले विश्वासको मतको विपक्षमा मतदान गर्ने बताए। राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) भने विश्वासको मतको पक्ष वा विपक्षमा मतदान नगरी तटस्थ बस्ने भएको छ। राप्रपाकी प्रमुख सचेतक मिनाकुमारी श्रेष्ठले मत विभाजनको प्रक्रियामा पार्टी तटस्थ बस्ने जानकारी बैठकमा गराइन्। नेपाली कांग्रेसले सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि संवैधानिक व्यवस्थाअनुसार मुख्यमन्त्री आचार्यले प्रदेश सभाबाट विश्वासको मत लिन लागेका हुन्।

## गरिब विपन्न ...


गर्दैआएका विपन्न परिवारलाई ग्यास चुल्हो उपलब्ध भएपछि खाना पकाउन सहज हुनुका साथै समयको समेत बचत हुने उहाँले विश्वास व्यक्त गर्नुभयो।

अध्यक्ष यादवले गरिब तथा विपन्न नागरिकको जीवनस्तर सुधार र दैनिक जीवन सहज बनाउन गाउँपालिका प्रतिबद्ध रहेको भन्दै स्थानीय सरकार सधैं जनताको साथमा रहने उल्लेख गर्नुभयो। “ग्यास चुल्हो वितरणले विपन्न परिवारको भान्सासम्म स्थानीय सरकारको सहयोग पुगेको छ। गाउँपालिकाले आगामी दिनमा पनि आर्थिक अवस्था कमजोर रहेका परिवारलाई लक्षित गरी आवश्यकतामा आधारित कार्यक्रमलाई निरन्तरता दिन पछि पर्ने छैन” उहाँले भन्नुभयो।

यसअघि अन्य वडामा पनि गरिब, विपन्न तथा असहाय परिवारलाई लक्षित गरी निःशुल्क ग्यास चुल्हो वितरण गरिसकेको गाउँपालिकाले जनाएको छ। गाउँपालिकाले विपन्न परिवारको आवश्यकता पहिचान गरी प्रत्यक्ष राहत पुग्ने कार्यक्रम ल्याएपछि आर्थिक रुपमा कमजोर परिवारलाई दैनिक जीवनयापनमा केही सहजता पुगेको स्थानीयहरु बताउँछन्।

# मोरङ कारागारबाट किन पछि हट्यो प्रहरी, विवादको मूल कारण के हो ?

**कृष्ण सिंह लोश्याल**



काठमाडौं, १ भदौ। विराटनगरस्थित जिल्ला कारागार मोरङभित्र प्रहरीले ‘सर्च अपरेशन’ चलाउने प्रयास गरे पनि सफल भने हुन सकेन। सोमबार बिहानदेखि नै मोरङको कारागारभित्र लागूऔषधसमेत पुग्ने गरेको सूचनाको आधारमा ‘सर्च अपरेशन’ चलाउने प्रयास गरेको थियो। तर, प्रहरीले सर्च अपरेशन सुरु गर्नासाथ भित्रका कैदी बन्दीहरुले नाराजुलुस गर्न थालेपछि सर्च अभियान नै रोकिएको छ। प्रहरीले सर्च गर्दा सम्भावित घटना नहोस् भनेर सशस्त्र प्रहरी बलको समेत सहयोग लिएको थियो।

कारागार बाहिर ठूलो मात्रामा सशस्त्र प्रहरी बलको टोली राखेर प्रहरीको टोली भित्र प्रवेश गरेका थिए। तर, प्रहरीको टोलीमाथि भित्रबाट नै आक्रमण र कैदी बन्दीहरुले भित्र नै आत्मदाह गर्ने भन्दै मट्टीतेल नै छर्किन थालेपछि सर्च अभियान रोक्नुपरेको जिल्ला प्रशासन कार्यालय मोरङका प्रमुख (सीडिओ) युवराज कट्टेलले जानकारी दिए। उनले भने,“हिजो हामीहरु विपस्यनाको योजना बनाउन भित्र प्रवेश गर्न खोज्दा नै कैदीहरुले रोक्नु भयो। हामी शंकास्पद गतिविधि हुन सक्ने अनुमान गरेर आज सर्च अभियान चलाएका थियौँ। तर, भित्रको अवस्था हामी जाँदा झन् उग्र हुने देखिएपछि रोकेका छौँ।”

कारागारभित्रका कैदीहरुले भित्र नाराबाजी जारी राखेपछि प्रहरी भित्र प्रवेश गर्न सकेन। आइतबारदेखि नै मोरङ कारागारको ‘बी ब्लक’ का कैदी बन्दीले भित्र विरोध गर्न थालेका थिए। कैदी बन्दीहरुले भने ‘ब्लक बी’ का चौकिदार चन्चल शर्मासहितलाई हटाएर नयाँ चौकिदार नियुक्त गर्ने योजना बनाएको भन्दै कारागार प्रशासनविरुद्ध नाराबाजी गरेको जनाएका छन्। बी ब्लकका चौकिदार चन्चलसहितका केही कैदीहरु मोरङबाट अन्य जिल्लाको कारागार पठाउने सूचना पाएपछि भित्रका कैदी बन्दीले नाराजुलुस गर्न थालेको जनाइएको छ।

कारागार स्रोतका अनुसार ‘ए ब्लक’ का चौकिदार राकेश यादवसहितका समूहले ‘बी ब्लक’ मा समेत आफ्नो चौकिदार नियुक्ति गर्न चलखेल गरेका थिए। कारागारभित्रका दुई ब्लकका चौकिदारको आन्तरिक लडाइँका कारण कारागारका कैदीहरु विभाजित भएका छन्। चौकिदारकै विवादका कारण मोरङ कारागारभित्र कैदी बन्दीहरु पटक–पटक झडप हुँदै आएको छ। नयाँ आर्थिक वर्षसँगै हरेक कारागारको चौकिदार परिवर्तन हुने भएपछि अधिकांश कारागार भित्र अस्वस्थ प्रतिस्पर्धा र आर्थिक चलखेलसमेत हुने गरेको स्रोत बताउँछ।

लामो समय जेल जीवन भोगिरहेका र असल चालचलन भएका कैदीहरुलाई सीडीओकै नेतृत्वको समितिले रहेक वर्ष चौकिदारका लागि कारागार व्यवस्था विभागलाई सिफारिस पत्र पठाउने र विभागले नियुक्त गर्ने कानुनी व्यवस्था छ। सीडीओ कट्टेलले भने चौकिदारबारे यसपटक कुनै प्रक्रिया नबढेको र आफूहरुलाई समेत अनुमगनका क्रममा आइतबार जान रोक लगाएपछि अवस्था बिग्रेको बताए। चौकिदार नियुक्त गर्दा भने जघन्य अपराधका दोषी कैदीहरुलाई चौकिदार नियुक्त गर्न नमिल्ने कानुनी व्यवस्था छ।

तर,हरेकजसो कारागारले भने जघन्य कसुरका कैदीहरुलाई नै आन्तरिक प्रशासन हेर्नेगरी चौकिदार नियुक्त गर्दै आएका छन्। मोरङ कारागारका ‘ए ब्लक’ का चौकीदार राकेश यादवसमेत कर्तव्य ज्यान मुद्दाका दोषी हुन्। २०७७ सालमा कर्तव्य मुद्दामा पक्राउ परेका यादवलाई २०८० मंसिरमा दोषी ठहर गर्दै जन्मकैदको सजाय तोकिएको थियो। यादव दुई वर्षदेखि कारागारको ‘ए ब्लक’ को चौकिदार छन्। चौकिदारको अवधि एक वर्ष हुने भए पनि दुई वर्षसम्म उनलाई नै जिम्मा तोकिएको छ।

योपटक बी ब्लकमासमेत आफूले चाहेको व्यक्तिलाई चौकिदार बनाउन रोकशले चलखेल गरेको मोरङ प्रहरी स्रोतको भनाइ छ। मोरङ प्रहरीका एक अधिकारीले भने,“कारागारको सबै व्यवस्थापनको भूमिका कारागार प्रशासनले नै हेर्ने हो। हाम्रो भूमिका खाली सुरक्षा दिने हो। चौकिदार राकेशले ‘बी ब्लक’ मा आफ्नो मान्छे राख्न भित्र कैदीहरुलाई उक्साएको भन्ने पनि छ। हामी चौकिदारहरुलाई पनि सोधपुछ गर्दैछौँ।”

गएको वर्षको साउनमा कास्की कारागारमा पनि यही प्रकृतिको झडप भएको थियो। कैदी बन्दीहरुले कारागार भित्र नाराबाजी गरेका थिए। कारागार व्यवस्थापन विभागले चौकिदार नियुक्तिको विषय हो। कास्की कारागारले विभागलाई चौकिदारको लागि अजय गुरुङ, प्रकाश गुरुङ र प्रशान्त थापाको नाम पठाएको थियो। विभागले चाहिँ अजयको नाम चौकिदारमा सिफारिस गर्‍यो। अजयभन्दा अगाडि प्रकाश भइसकेका थिए। प्रकाश कानुन विपरीत दोस्रो पटकसमेत चौकिदार बस्न खोजेपछि प्रदर्शन भएको थियो।

**सरकारले रोक्यो चौकिदार नियुक्ति प्रक्रिया**

विभिन्न कारागारका कैदीहरु चौकिदार बन्न चलखेल गर्न थालेको सूचनापछि सरकारले भने हाललाई चौकिदार नियुक्त प्रक्रिया नै रोकेको छ। शुक्रबार प्रतिनिधिसभा अन्तर्गतको कानुन न्याय तथा मानव अधिकार समितिको बैठकमा सरकारले चौकिदार, नाइके र भाइ नाइकेको नियुक्ति प्रक्रिया स्थगित गरेको गृह मन्त्री सुधन गुरुङले बताएका थिए। जेलभित्र हुने आर्थिक लेनदेन र नियुक्तिमा हुने अपारदर्शिता प्रणालीलाई व्यवस्थित गर्न प्रक्रिया रोकिएको गृहमन्त्री गुरुङले स्पष्ट पारेका थिए।

चौकिदार, नाइके, भाइ नाइकेहरुले कैदी बन्दीहरुसित रकम असुली गर्ने गरेको आरोप लाग्दै आएको छ। चौकिदारदेखि नाइके, भाइ नाइके बस्दा चालचलनमा सुधार भएको ठहरिने र कैद सजायमासमेत सहुलियत पाउने भएपछि चौकिदार बस्न कारागारभित्र ठूलो चलखेल हुने गरेको हो। कारागार नियमावली २०८३ अनुसार आन्तरिक व्यवस्थापनका लागि हरेक ब्लकमा एक जना चौकिदार, २५ जनामा एक जना नाइके र १० जनामा एकजना सहनाइके नियुक्त गर्नुपर्ने व्यवस्था छ।

# गृहमन्त्रीको हतारो : फिल्डबाटै निर्देशन, प्रहरी प्रशासन नै अलमलमा



काठमाडौं, १ भदौ। गृहमन्त्री सुधन गुरुङ निर्देशन दिन निकै हतार गर्छन्। कतिपय अवस्थामा त जनताका कुरा सुन्नेबित्तिकै तत्काल समाधान गर्न सम्बन्धित निकायलाई फिल्डबाटै निर्देशन दिन्छन्। मतदाता भेटघाटका क्रममा मनकामना आइपुगेका गृहमन्त्री गुरुङले आइतबार यस्तै निर्देशन दिए। उनले इलाका प्रहरी कार्यालयको जग्गा संरक्षणका लागि लगाइएको घेराबार तत्काल हटाउन प्रहरीलाई निर्देशन दिएका थिए।

विस्तृत अध्ययन नै नगरी हतारोमा दिइएको यो निर्देशनले समस्या समाधानभन्दा अन्योल बढाएको छ। आफ्नै जग्गा संरक्षणका लागि आफ्नै जग्गामा लगाइएको घेराबार हटाउन निर्देशन भएपछि प्रहरी प्रशासन नै अन्योलमा परेको छ। जनप्रतिनिधि र स्थानीयवासी पनि अलमलमा परेका छन्। यसअघि पनि वनको जग्गा अतिक्रमण गरी बसेको बाङ्किलो बजार व्यवस्थापनका लागि गृहमन्त्री गुरुङले हतारोमा दिएको निर्देशनको चौतर्फी आलोचना भएको थियो।

शहीद लखन गाउँपालिका–२ को वडा कार्यालय नजिकै नेपाल प्रहरीको स्वामित्वमा ३२९.८९ वर्गकिलोमिटर जग्गा छ। ७९९ कित्ता नम्बरको उक्त जग्गामा इप्राकाको नयाँ भवन बनाउने योजनासहित गत वर्ष प्रहरीले तारबार लगाएर आफ्नो जग्गा संरक्षण गरेको हो। जग्गा संरक्षणका लागि लगाइएको घेराबार तत्काल हटाउन गृहमन्त्रीले निर्देशन दिएपछि स्थानीयसँगै जनप्रतिनिधिले असन्तुष्टि जनाएका छन्।

निजी स्वार्थका लागि केही व्यक्तिहरूले गृहमन्त्रीलाई गलत ब्रिफिङ गरेको गाउँपालिका अध्यक्ष रमेश थापा मगरले बताए। ‘गृहमन्त्रीको काम नेपाल प्रहरीलाई व्यवस्थित बनाउने भन्ने होला,’ उनले भने, ‘अहिले मनकामना चौकी आफ्नो जग्गामा नभई गुठीको जग्गामा छ। आफ्नो जग्गालाई त संरक्षण गरेर चौकी निर्माणमा अघि बढ्नुपर्थ्यो। तर गृहमन्त्रीलाई कसैले गलत ढंगले ब्रिफिङ गरिदिए।’ उक्त इप्रकालाई ‘क’ श्रेणीमा स्तरोन्नति गर्ने प्रक्रिया पनि अघि बढेकाले आफ्नै भवन अति आवश्यक रहेको उनको भनाइ छ। आफ्नै जग्गा संरक्षणका लागि लगाइएको तारबार हटाउन निर्देशन दिनु गलत भएको भन्दै मगरले असन्तुष्टि व्यक्त गरे।

शहीद लखन गाउँपालिका–२ का वडाध्यक्ष सकुन थापाले चौकीकै जग्गामा तारबार लगाइएकाले भत्काउन आवश्यक नरहेको बताइन्। ‘त्यो चौकीकै जग्गा हो,’ उनले भनिन्, ‘आफ्नै जग्गामा लगाएको तारबार भत्काउनुपर्ने म देख्दिनँ।’ केही व्यक्तिहरूले आफ्नो स्वार्थ पूर्तिका लागि गृहमन्त्रीलाई उक्साएको हुन सक्ने उनको भनाइ छ। थापाले भनिन्, ‘गृहमन्त्रीलाई त्यो कुरा थाहा भएन होला। केही समयअघि अदालतमा मुद्दा परेर नापीले वडा कार्यालय, इप्रका र सार्वजनिक जग्गा छुट्याइसकेको छ।’

सोहीअनुसार प्रहरीले आफ्नो जग्गा संरक्षण गर्न तारबार लगाएकाले भत्काउन आवश्यक नरहेको उनले तर्क गरिन्। स्थानीय दिनेश जोशीले पनि तारबार गरिएको जग्गा प्रहरीकै नाममा रहेको बताए। ‘चौकीले कसैको जग्गा हडपेको छैन, आफ्नै जग्गामा घेराबार लगाएको हो,’ उनले भने। यसअघि केही व्यक्तिले आफू अनुकूल उक्त जग्गा उपभोग गर्दै आएका थिए। निर्माण सामग्री थुपार्नेदेखि सवारी पार्किङसम्म सो जग्गा प्रयोग हुँदै आएको थियो।

आफ्नो जग्गा संरक्षणका लागि प्रहरीले घेराबार लगाएपछि आफू अनुकूल प्रयोग गर्न नपाउँदा समस्या उब्जिएको स्थानीयको भनाइ छ। विशेषगरी पुजारी गाउँका केही स्थानीयले घेराबार हटाउन दबाब दिँदै आएका छन्। गृहमन्त्रीको निर्देशनपछि जिल्ला प्रहरी प्रमुख एसपी अनिलकुमार खड्का पनि अन्योलमा छन्। ‘हाम्रै चौकीको जग्गालाई संरक्षण गर्न घेराबार गरेका हौं। अब गृहमन्त्रीज्यूले हटाउन भन्नुभयो,’ उनले भने, ‘हेडक्वार्टरसँग समन्वय गछौं, माथिबाट जे आदेश आउँछ सोहीअनुसार अघि बढ्छौं।’ गोरखाका प्रमुख जिल्ला अधिकारी तुलसीबहादुर श्रेष्ठ भने यस विषयमा बोल्न चाहेनन्।

## भारतीय...

सेनाका प्रधानसेनापति अशोकराज सिग्देलको औपचारिक निमन्त्रणमा हिजो नेपाल आएका थिए। आइतबार नै प्रधान सेनापति सिग्देल र भारतीय सेना प्रमुख सेठ बिच दुई पक्षिय औपचारिक छलफल पनि हुनेछ। उनी बुधवार मात्रै भारत फर्कने छन्।

# सप्तरीमा दैनिक ९ जनासम्म सर्पदंशले पीडित, भुँइमै राखेर उपचार



**विद्यानन्द राम**

राजविराज, १ भदौ। सप्तरीको छिन्नमस्ता गाउँपालिका–३ सखडाकी ४५ वर्षीया पवित्रीदेवी शर्मा आइतबार धानखेत गोड्न गरिरहेकी थिइन्। बिहान ११ बजेतिर अचानक उनलाई सर्पले डस्यो। उनीसँगै काम गर्न खेत पुगेकाहरुले गुहार्दा खेतनजिकै ई-रिक्सा लिएर पुगेकाले उनलाई तत्कालै गजेन्द्रनारायण सिंह अस्पताल राजविराजमा ल्याएर भर्ना गरे।

शनिबार साँझ घरआगाड हिँडिरहेका राजविराज नगरपालिका–९ विहारपुरका १५ वर्षीय विष्णुकुमार मण्डललाई सर्पले डस्यो। सर्प डसेको थाहा पाउने वितिकै उनलाई पनि अस्पतालमा ल्याएर भर्ना गरियो। सोही राति घरको छतमा गइरहेकी राजविराज–१५ देउरी भरुवाकी १६ वर्षीया संगिताकुमारी यादवलाई पनि सर्पले डस्यो। उनी मामाघर विष्णुपुर गाउँपालिका–१ पर्साही पुगेकी थिइन्।

अत्यधिक गर्मीका कारण छतमा गइरहेकी संगितालाई भ्याङबाट छतमा नपुग्दै सर्पले डस्यो। राति ८ बजेतिर उनलाई पनि सोही अस्पताल ल्याइयो। अन्य रोगका उपचाररत विरामीले भरिभराउ रहेको अस्पतालको आकस्मिक कक्षमा तीनै जनालाई भुँइमै राखेर उपचार गरिएको थियो।

यहाँ अहिले सर्पले डसेर उपचारका लागि अस्पताल आउनेको संख्या बढ्दो छ। दैनिक ९ जनासम्म सर्पले डसेर उपचारका लागि अस्पताल आउने गरेको अस्पतालका सूचना अधिकारी दिपेन्द्रकुमार यादवले बताए।

उनकाअनुसार सबैभन्दा बढी साउनमा मात्रै ८७ जना सर्पदंशका कारण पीडित भएका छन् भने त्यसअघि वैशाख, जेठ र असारमा पनि ७६ जनालाई सर्पले डस्दा उपचारका लागि आएका थिए।

'वर्षा, बाढी र बढ्दो गर्मीका कारण दुलोभित्र रहेका सर्प जमिन बाहिर आउने भएकाले यो बेलामा वर्षेनी सर्पदंशको प्रकोप बढ्दो नै रहन्छ,' सूचना अधिकारी यादवले भने, 'हामीसँग तत्काले पुग्नसक्ने एन्टिस्नेक भेनम (उपचारमा प्रयोग हुने औषधि) त छ तर यो अत्यन्तै कम हो। बेलैमा एन्टिस्नेक भेनम उपलब्ध भएन भने उपचारमा समस्या हुनसक्छ।'

अस्पतालका जिन्सी फाँट प्रमुख नायब सुब्बा रेमन्तकुमार यादवकाअनुसार यहाँ १ सय ४० भाइल एन्टिस्नेक भेनम रहँदा गत बुधबार रामकुमार शारदा उमाप्रसाद मुरारका प्रादेशिक अस्पताल सिरहालाई ३० भाइल हस्तान्तरण गरिएको छ। 'यसअघि हामीले पनि अर्कै स्थानबाट एन्टिस्नेक भेनमको व्यवस्थापन गरेका थियौं' उनले भने, 'अहिले हामीसँग लगभग एक सय भाइल एन्टिस्नेक भेनम छ तर यो प्राप्त होइन।'

# छोरी जन्माएको निहुँमा बुहारीको हत्या, पाँच वर्षपछि ससुरा पक्राउ

**विनय कर्ण**

सप्तरी, १ भदौ। दुई छोरीको आमा बनेकै कारण बुहारीलाई यातना दिँदै विष सेवन गराएर हत्या गरेको अभियोगमा सप्तरीमा पाँच वर्षपछि ससुरा पक्राउ परेका छन्। बोदेबरसाइन नगरपालिका–८ काचन टोलका ५५ वर्षीय बद्री दासलाई प्रहरीले पाँच वर्षपछि पक्राउ गरेको हो।

२५ वर्षीया बुहारी शिवकुमारी दासको हत्या गरेको अभियोगमा फरार रहेका बद्रीलाई गोप्य सूचनाका आधारमा बिहीबार राति इलाका प्रहरी कार्यालय कडरबोनाबाट खटिएको प्रहरी टोलीले आफ्नै घरमा लुकीछिपी बसेको अवस्थामा पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक हेमराज घिमिरेले जानकारी दिनुभयो।

प्रहरी अनुसन्धानअनुसार शिवकुमारीको जीवन दोस्रो छोरी जन्मिएपछि झन् कठिन बन्दै गएको थियो। घटनाको करिब एक महिनाअघि उहाँले दोस्रो छोरी जन्माउनुभएको थियो। छोरी मात्र जन्माएको निहुँमा परिवारका सदस्यबाट पटक–पटक यातना र कुटपिट सहनुपरेको र अन्ततः २०७७ कात्तिक१७ गते जबर्जस्ती विष सेवन गराई हत्या गरिएको अनुसन्धानबाट खुलेको प्रहरीको दाबी छ।

प्रहरीका अनुसार घटनामा शिवकुमारीका श्रीमान् लालोप्रसाद दास, देवर सञ्जीव र धनेश्वर, नन्द भुटनीदेवी तथा सासु सीतादेवीसमेत संलग्न रहेको आरोप छ। घटनापछि उनीहरू सबै फरार रहेको प्रहरीले जनाएको छ। उनीहरूविरुद्ध सप्तरी जिल्ला अदालतबाट पक्राउ पुर्जीसमेत जारी भइसकेकाले खोजी भइरहेको प्रहरीको भनाइ छ।

शिवकुमारीका बुबा रामदेवले दिएको जाहेरीका आधारमा इलाका प्रहरी कार्यालय कडरबोनामा बद्रीसहित छ जनाविरुद्ध मुद्दा दर्ता भएको थियो। प्रहरी नायब उपरीक्षक घिमिरेका अनुसार बद्रीलाई विष सेवन गराई कर्तव्य ज्यानसम्बन्धी कसुरमा पक्राउ गरी शुक्रबार सप्तरी जिल्ला अदालतबाट पाँच दिनको म्याद लिएर थप अनुसन्धान भइरहेको छ।

पाँच वर्षअघि भएको घटनापछि न्यायको पर्खाइमा रहेको शिवकुमारीको परिवारका लागि बद्रीको पक्राउले अनुसन्धान अघि बढ्ने आशा जगाएको छ। घटनाका अन्य आरोपित अझै फरार रहेकाले उनीहरूलाई समेत पक्राउ गरी घटनाको पूर्ण अनुसन्धान गर्नुपर्ने माग परिवारजनले गर्दै आएका छन्।

कञ्चनरूप नगरपालिका–३ बरमझिया माइतीघर रहेकी शिवकुमारीका दुई छोरीमध्ये नौ वर्षीया जेठी छोरी अहिले हजुरबुबा रामदेवसँगै बस्दै आएकी छन् भने पाँच वर्षीया कान्छी छोरी श्रीमानको परिवारसँग बस्दै आएको रामदेवले बताउनुभयो। सिटी रिक्सा चलाएर रामदेवले नातिनी र परिवारको पालनपोषण गर्दै आउनुभएको छ। छोरी गुमाएको पीडा एकातिर छ भने अर्कोतिर नातिनीहरूको भविष्यको चिन्ताले पिरोलिरहेको उहाँले बताउनुभयो।

"छोरीहरूलाई आमाको माया चाहिने बेलामा उनीहरूले आमा गुमाए," रामदेवले भन्नुभयो, "हामीलाई न्याय चाहिएको छ। दोषी सबैलाई कानुनी कारबाही हुनुपर्छ।"

समाजमा अझै पनि छोरा जन्मिए खुसी र छोरी जन्मिए बोझका रूपमा हेर्ने सोच कायमै रहँदा महिलामाथि हुने हिंसाका घटना सार्वजनिक भइरहेका छन्। छोरी जन्माएको विषयलाई लिएर महिलामाथि मानसिक तथा शारीरिक यातना दिने घटना यसअघि पनि हुने गरेका भए पनि छोरी जन्माएकै निहुँमा महिलाको ज्यान लिएको यो घटना जिल्लामै गम्भीर प्रकृतिको भएको स्थानीयको भनाइ छ। स्थानीयले घटनालाई महिलाविरुद्धको निर्दयी अपराध भन्दै सूक्ष्म अनुसन्धान गरी संलग्न सबैलाई कानुनी दायरामा ल्याउन माग गरेका छन्।

# उपभोक्ता अदालत स्थापना गरिनुपर्छ : मन्त्री पटेल

**दिपकप्रसाद गौतम**



वीरगञ्ज, १ भदौ। मधेश प्रदेश सरकारको उद्योग, वाणिज्य तथा पर्यटन मन्त्री कनिश पटेलले वीरगञ्जमा उपभोक्ता अदालत स्थापना गरिनुपर्ने बताउनुभएको छ। उपभोक्ता हित संरक्षण मञ्च नेपालले वीरगञ्जमा आयोजना गरेको उपभोक्ता अदालत स्थापना तथा सञ्चालन र नसर्ने रोग रोकथाम सम्बन्धी सरोकारवालासँगको अन्तरक्रिया कार्यक्रममा बोल्दै मन्त्री पटेलले उक्त धारणा राख्नु भएको हो। वीरगञ्जमा उपभोक्ता अदालत स्थापनार्थ मन्त्रालयले कुन भूमिका निर्वाह गर्नुपर्दछ त्यस भूमिका निभाउनका लागि आफू तयार रहेको उहाँले बताउनुभयो। बुझ्दै जाँदा उपभोक्ता अदालत धेरै महत्वपूर्ण रहेको पाएको बताउनु हुँदै मन्त्री पटेलले संघीय सरकारले गरेको निर्णयअनुसार प्रदेश सरकारले उपभोक्त हित संरक्षण ऐन बनाउन आफूले पहल सुरु गरिहाल्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

स्थापना गरिने उपभोक्ता अदालतले यहाँका उत्पादनबाट ठगिएका उपभोक्तालाई क्षतिपूर्ति दिलाएता पनि आयात हुने वस्तुलाई कसरी नियमन गर्ने भन्नेतर्फ पनि सोच्नुपर्ने मन्त्री पटेलले जनाउनुभयो। हामीले दैनिकरुपमा उपभोग गरिरहेका चिजहरुका कारण नसर्ने रोगहरु बढ्दैगएको बताउनु हुँदै मन्त्री पटेलले समाजको चेतनास्तर सशक्त पारेर अझ बलियो बनाउनुपर्ने र नागरिकलाई राजनीतिक, आर्थिक तथा सामाजिक रुपमा सचेत पार्नुपर्ने बताउनुभयो।

चुनावमा बिभिन्न राजनीतिक एजेन्डा लिएर जाने, जनतालाई बिभिन्न प्रतिवद्धता जनाउने, तर पूरा नगर्ने त्यस्तो अवस्थामा कारवाही के गर्न सकिन्छ त्यसतर्फ पनि सोच्ने बेला आएको उहाँले बताउनुभयो। अहिले पत्रकारिता राजनीतिक विषयवस्तुमा केन्द्रित हुँदैगएको आरोप लगाउँदै उहाँले शिक्षा, कृषि, स्वास्थ्य लगायतका सबै क्षेत्रको सूचनाले जनतालाई सुसुचित पार्नेतर्फ पत्रकारिता अग्रसर हुनुपर्ने धारणा राख्नुभयो।

अहिले मानिसहरुमा पूर्जीवादी जीवनशैली अपनाउने होड चलेको, अरुलाई देखाउनका लागि नै स्थानीय उत्पादनभन्दा आयातित वस्तुको प्रयोग दिन प्रतिदिन बढी रहेको मन्त्री पटेलले बताउनुभयो। स्थानीय उत्पादनलाई प्रोत्साहित गर्न यस आर्थिक वर्षबाट केही कार्यक्रमहरु उद्योग वाणिज्य तथा पर्यटन मन्त्रलायले गर्ने समेत जनाउनुभयो।

कार्यक्रममा उपभोक्ता हित संरक्षण मञ्च नेपालका केन्द्रीय अक्ष्यक्ष ज्योति बाँनियाले उपभोक्ता अदालत स्थापना र सञ्चालन विषयक प्रस्तुति दिनुभएको थियो। उहाँले उपभोक्ता अदालतको आवश्यकता, यहाँका उपभोक्ताको अवस्था अनि उपभोक्ता अधिकार तथा सचेतनाका विषयमा चर्चा गर्नुभएको थियो।

त्यस्तैगरी जनस्वास्थ्य कार्यालय पर्साका स्वास्थ्य अधिकृत धनी सिंहले नसर्ने रोगका कारण, अवस्था र तुलनात्मक तथ्याङ्कसहित कार्यपत्र पेश गर्नुभएको थियो। जिल्ला अदालत पर्साका मुख्य न्यायाधीश महेन्द्रप्रसाद पोखरेलले हरेक उपभोक्ताले स्वच्छ सफा एवम् गुणस्तरीय वस्तु उपभोग गर्न पाउनु पर्ने जनाउनुभयो। उपभोक्ता अदालतले समाजमा संविधान बिपरितका घटना नघट्नु भन्ने चाहने कुरा स्पस्ट पार्नुभयो। कार्यक्रममा पर्सामा सहायक प्रमुख जिल्ला अधिकारी कृष्णजङ्ग थापाले ठगिएका उपभोक्तालाई क्षतिपूर्ति प्रदान गर्न उपभोक्ता अदालतको आवश्यकता औंल्याउनुभयो। कार्यक्रममा पर्सा बारकी सचिव प्रतिमा चौरसिया, वरिष्ठ अधिवक्ता रामेश्वर सेढाईं, प्राध्यापक हरेराम ठाकुर लगायतले उपभोक्ता अदालतको आवश्यकता बारेका आफ्नो धारणा राख्नुभएको थियो।

# मेडिकल काउन्सिलको अनुगमन : क्लिनिक बन्द गरी सञ्चालक फरार

महोत्तरी, १ भदौ। नेपाल मेडिकल काउन्सिलको टोलीले अनुगमन गर्न खोज्दा डेन्टल क्लिनिक बन्द गरेर सञ्चालकहरू फरार भएका छन्।

महोत्तरीको गौशाला बजारमा रहेका क्लिनिकहरूको अनुगमन गर्न सोमबार काउन्सिल टोली पुगेको थियो। नेपाल डेन्टल एसोसिएसनका केन्द्रीय अध्यक्ष डा. अजय कुमार शाह, नेपाल डेन्टल एसोसिएसन महोत्तरी–सर्लाहीका अध्यक्ष डा. गंगाराम खर्गा र नेपाल डेन्टल एसोसिएसन घनुषाका महासचिव डा. सुमन कर्णसहितको टोली अनुगमन टोलीमा थियो।

टोली सम्बन्धित डेन्टल क्लिनिकको निरीक्षण तथा आवश्यक कागजात र सेवा सञ्चालनसम्बन्धी विवरण जाँच गर्न गौशाला बजारमा पुगेको थियो। उनीहरू पुग्दा गौशाला बजारमा रहेका केही डेन्टल क्लिनिक बन्द अवस्थामा रहेको र सञ्चालक सम्पर्कविहीन भई फरार भएको अनुगमनमा गएका डा. अजय कुमार शाहले जानकारी दिए।

डा. साहका अनुसार क्लिनिक सञ्चालनसम्बन्धी दर्ता, चिकित्सकको एनएमसी दर्ता, सेवा प्रदान गर्ने जनशक्तिको योग्यता तथा अन्य आवश्यक कानुनी कागजातबारे आवश्यक छानबिन भइरहेको छ।

अनुगमनका क्रममा क्लिनिक बन्द गरी सञ्चालक सम्पर्कमा नआएको विषयलाई समेत गम्भीरतापूर्वक लिइएको उनले बताए। आवश्यक प्रमाण तथा तथ्य संकलन गरी प्रचलित कानून तथा सम्बन्धित निकायको नियमअनुसार थप कारबाहीको प्रक्रिया अघि बढाइने जानकारी डा.साहले दिए।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकारः** कृष्ण प्रसाद दंगाल **कम्प्युटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)